नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं।
फोन नं.: ४४१९८०४/५
Web Site: www.nrb.org.np
पोष्ट बक्स:७३

पत्र संख्याः बै.वि.नि.वि./नीति/सूचना/६/०८०/०८१

मितिः २०८०/०८/११

# सूचना

हायर पर्चेज कर्जा दिने कम्पनीहरु,

यस बैंकबाट हायर पर्चेज कर्जा कारोबार संचालन गर्न इजाजतप्राप्त कम्पनीहरुको लागि जारी गरिएको ***"हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृति दिने नीतिगत एवम् प्रक्रियागत व्यवस्था, २०७० (तेस्रो संशोधन २०७८)"*** लाई संशोधन गरी ***"हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृति दिने नीतिगत एवम् प्रक्रियागत व्यवस्था, २०७० (चौथो संशोधन २०८०)"*** जारी गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो सूचना जारी गरिएको छ।

भवदीय,

(डा.गुणाकर भट्ट)
कार्यकारी निर्देशक

# हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृति दिने नीतिगत एवम् प्रक्रियागत व्यवस्था, २०७०

(चौथो संशोधन, २०८०)

नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

# विषय-सूची


१. संक्षिप्त नाम र प्रारम्भः १

२. परिभाषाः १

३. दर्ता तथा स्वीकृतिः १

४. चुक्ता पुँजी सम्बन्धमाः १

५. हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृति दिने प्रक्रियाः १

५.१ निवेदनः १

५.२ प्रतिबद्धता जाहेर गर्नुपर्नेः १

५.३ स्वीकृति दिने व्यवस्थाः २

६. हायर पर्चेज कर्जा दिने स्वीकृति नदिन सकिनेः २

७. नवीकरण गर्नुपर्नेः २

८. कालोसूचीमा परेको सम्बन्धमाः ३

९. कार्यकारी प्रमुख/प्रबन्ध संचालक नियुक्ति सम्बन्धी व्यवस्थाः ३

१०. हायर पर्चेज कर्जा दिन स्वीकृति लिने कम्पनीहरुले पालना गर्नुपर्ने थप शर्त तथा व्यवस्थाहरुः ३

१०.१ स्रोत परिचालन तथा लिन पाउने ब्याजदर सम्बन्धमा ३

१०.२ निक्षेप लिन नपाइने सम्बन्धमाः ४

१०.३ ब्याज तथा शुल्क सम्बन्धमाः ४

१०.४ किस्ता भुक्तानी तथा नोक्सानी सम्बन्धमाः ४

१०.५ अन्य कारोवार सम्बन्धमाः ४

१०.६ लेखा राख्नुपर्ने सम्बन्धमाः ४

१०.७ लेखापरीक्षण सम्बन्धमाः ४

१०.८ आर्थिक विवरण सम्बन्धमाः ४

१०.९ कारोवार विवरण पेश गर्नुपर्ने सम्बन्धमाः ५

१०.१० कर्जा वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था सम्बन्धमाः ५

१०.११ ह्रास कट्टी सम्बन्धमाः ५

१०.१२ स्वीकृति लिनुपर्नेः ५

११. सञ्चालक/ प्रबन्ध सञ्चालक/कार्यकारी प्रमुखका लागि अयोग्य हुने अवस्थाः ६

१२. अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धमाः ६

| | |
|---|---|
| १३. कारवाही सम्बन्धमाः | ६ |
| अनुसूची १ | ७ |
| अनुसूची २ | ८ |
| अनुसूची ३ | ९ |
| अनुसूची ४ | १० |
| अनुसूची ५.१ | ११ |
| अनुसूची ५.२ | ११ |
| अनुसूची ५.३ | १२ |
| अनुसूची ५.४ | १३ |
| अनुसूची ५.५ | १४ |
| अनुसूची ६ | १६ |

## “हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृति दिने नीतिगत एवम् प्रक्रियागत व्यवस्था, २०७० (चौथो संशोधन २०८०)”

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७६ बमोजिम यस बैंकबाट स्वीकृति लिई हायर पर्चेज कर्जा मात्र दिने कम्पनीहरुको हकमा लागू हुने गरी त्यस्तो हायर पर्चेज कर्जा दिन स्वीकृति दिने सम्बन्धमा देहाय बमोजिमको नीतिगत एवम् प्रक्रियागत व्यवस्था लागू गरिएको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भः

१) यस व्यवस्थाको नाम **“हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृति दिने नीतिगत एवम् प्रक्रियागत व्यवस्था, २०७० (चौथो संशोधन २०८०)”** रहेको छ ।

२) यो व्यवस्था तुरुन्त प्रारम्भ हुनेछ ।

### २. परिभाषाः

हायर पर्चेज कर्जा भन्नाले कृषि, औद्योगिक, व्यवसायिक वा निजी प्रयोजनका लागि कुनै पनि व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई सवारी साधन, मेशिनरी औजार, उपकरण खरिद गर्नका लागि किस्ताबन्दीमा फिर्ता गर्दै सम्पूर्ण किस्ता भुक्तानी भइसकेपछि स्वामित्व हस्तान्तरण हुने गरी प्रदान गरिएको कर्जा वा सापटी सम्झनु पर्दछ ।

### ३. दर्ता तथा स्वीकृतिः

(क) हायर पर्चेज कर्जा दिन स्वीकृतिका लागि आवेदन दिने कम्पनी सोही उद्देश्य सहित अनिवार्यरुपमा कम्पनी ऐन, २०६३ अन्तर्गत हायर पर्चेज कर्जा दिने कम्पनीको रुपमा पहिचान दिने किसिमको कम्पनीको रुपमा दर्ता भएको हुनु पर्नेछ । त्यस्तो कम्पनीले नेपाल राष्ट्र बैंक ऐनको दफा ७६ बमोजिम नेपाल राष्ट्र बैंकबाट समेत स्वीकृति लिनुपर्नेछ ।

**(ख) हायर पर्चेज कर्जा दिने कम्पनीको नामः**
**हायर पर्चेज कर्जा दिने कम्पनीको नाम “.......... हायर पर्चेज प्रा.लि.” / “.......... हायर पर्चेज.लि.” राख्नु पर्नेछ ।**

**यो निर्देशन जारी गर्नुपूर्व संचालनमा रहेका हायर पर्चेज कर्जा दिने कम्पनीले समेत यसै निर्देशनबमोजिम नाम परिवर्तन गरी यस बैंकलाई २०८० पुष मसान्तभित्र जानकारी गराउनुपर्नेछ ।**

### ४. चुक्ता पुँजी सम्बन्धमाः

हायर पर्चेज कर्जा दिने कम्पनीको न्यूनतम चुक्ता पुँजी (साधारण शेयर) रु. ३० करोड हुनुपर्नेछ ।

### ५. हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृति दिने प्रक्रियाः

#### ५.१ निवेदनः

हायर पर्चेज कर्जा दिने कम्पनीले स्वीकृतिका लागि यस बैंक समक्ष अनुसूची- १ बमोजिमको ढाँचामा निवेदनको साथ कम्पनीको चुक्ता पुँजीको ०.२ प्रतिशतले हुने रकम बराबर स्वीकृति दस्तुर (फिर्ता नहुने) यस बैंकमा बुझाएको भौचर सहित अनुसूची-२ मा उल्लिखित विवरण तथा कागजातहरु समेत संलग्न गरी निवेदन दिनुपर्नेछ ।

#### ५.२ प्रतिबद्धता जाहेर गर्नुपर्नेः

हायर पर्चेज कर्जा दिन स्वीकृतिका लागि कम्पनीले यस बैंक समक्ष निवेदन दिँदा कम्पनीको संचालक समितिले देहायका विषयहरुमा प्रतिबद्धता जाहेर गरेको कागजात पनि निवेदनको साथ पेश गर्नुपर्नेछ ।

(क) नेपाल राष्ट्र बैंकले समय समयमा तोकिदिए बमोजिमको न्यूनतम चुक्ता पुँजी कायम राख्ने व्यहोरा,
(ख) कारोवार संचालन गर्न आवश्यक पूर्वाधार तयार गरी सेवा तथा सुविधा प्रदान गर्न सक्ने पर्याप्त आधार रहेको व्यहोरा, र
(ग) हायर पर्चेज कर्जा दिनका लागि नेपाल राष्ट्र बैंकले तोकेका शर्तहरु पालना गर्ने मन्जुरी ।

**५.३ स्वीकृति दिने व्यवस्था:**

(क) हायर पर्चेज कर्जा दिने कम्पनी सञ्चालन गर्न आवश्यक भौतिक पूर्वाधारका अतिरिक्त देहायका कुरामा आवश्यक जाँचबुझ गरी नेपाल राष्ट्र बैंक सन्तुष्ट भएमा त्यस्तो कम्पनीलाई हायर पर्चेज कर्जा दिन स्वीकृति दिन सक्नेछ :-
(अ) हायर पर्चेज कर्जा दिन स्वीकृति दिँदा सो कारोवार स्वस्थ, प्रतिस्पर्धात्मक र प्रभावकारीरुपमा हुन्छ भन्ने लागेमा,
(आ) प्रचलित कानुन र सो अन्तर्गत बनेको नियम, विनियम वा सो अन्तर्गत जारी भएका आदेश वा निर्देशन तथा प्रबन्धपत्र र नियमावलीका अधीनमा रही हायर पर्चेज कर्जा दिन सक्षम छ भन्ने लागेमा
(इ) स्वीकृतिको लागि दिएको निवेदनसाथ संलग्न विवरण तथा कागजात अनुसार कम्पनी हायर पर्चेज कर्जा दिन सक्षम छ भनी विश्वास गर्ने पर्याप्त आधार भएमा ।

(ख) कम्पनीले हायर पर्चेज कर्जा दिने स्वीकृति पाएको मितिले ६ महिनाभित्र त्यस्तो कारोवार शुरु गरिसक्नु पर्नेछ । अन्यथा त्यस्तो कम्पनीलाई कारोवार गर्न प्रदान गरिएको स्वीकृति स्वतः रद्द हुनेछ ।

**६. हायर पर्चेज कर्जा दिने स्वीकृति नदिन सकिने:**

नेपाल राष्ट्र बैंकले देहायको कुनै अवस्थामा निवेदक कम्पनीलाई हायर पर्चेज कर्जा दिने स्वीकृति नदिन सक्नेछ-

(क) बैंक वा वित्तीय क्षेत्रको विद्यमान अवस्था र सम्भाव्यताको आधारमा त्यस्तो कम्पनीलाई स्वीकृति दिन उपयुक्त हुने नदेखिएमा ।
(ख) हायर पर्चेज कम्पनीको उपस्थिति बढी भएको क्षेत्रमा कम्पनी स्थापनाका लागि नयाँ निवेदन आएमा सो अस्वीकार गर्न सकिनेछ ।
(ग) हायर पर्चेज कर्जा दिन निवेदनसाथ पेश गरिएका विवरणहरु पर्याप्त वा विश्वसनिय नदेखिएमा । कुनै कम्पनीलाई हायर पर्चेज कर्जा दिन स्वीकृति दिन नसकिने अवस्था भएमा नेपाल राष्ट्र बैंकले सोको कारण खुलाई निवेदन परेको मिति वा थप विवरण माग गरेको भए त्यस्तो विवरण प्राप्त भएको मितिले एक सय बीस दिन भित्र सम्बन्धित कम्पनीलाई सूचना दिनुपर्नेछ ।

**७. नवीकरण गर्नुपर्ने:**

(क) यस बैंकले हायर पर्चेज कर्जा दिन दिएको स्वीकृति प्रत्येक दुई आर्थिक वर्षमा आर्थिक वर्ष समाप्त भएपछिको साउन मसान्तसम्ममा नवीकरण गरी सक्नु पर्नेछ । नवीकरणको लागि रु. २,००,०००।- दस्तुर यस बैंकमा जम्मा गरेको सक्कल भौचर सहित म्यादभित्र अनुसूची ३ बमोजिमको ढाँचामा अनुसूची ४ बमोजिमको कागजात संलग्न गरी निवेदन दिनुपर्नेछ ।
(ख) बुँदा नं. (क) बमोजिमको अवधिभित्र नविकरण हुन नसकेमा लाग्ने दस्तुरमा १० प्रतिशत थप गरी भदौ मसान्तसम्म र २० प्रतिशत थप गरी असोज मसान्तसम्ममा नवीकरण गर्न सकिनेछ । तत्पश्चात पनि नवीकरणको लागि निवेदन नदिएमा यस बैंकबाट हायर पर्चेज कर्जा कारोवार गर्न दिएको स्वीकृति स्वतः रद्द हुनेछ । त्यस्तो स्वीकृति एकपटक रद्द भइसकेपछि पुनः सोही कम्पनीलाई स्वीकृति प्रदान गरिने छैन ।

**८. कालोसूचीमा परेको सम्बन्धमाः**

कर्जा सूचना केन्द्रको कालोसूचीमा परेको वा कालोसूचीबाट हटेको तीन वर्ष नपुगेको शेयरधनी रहेको कम्पनीको निवेदन उपर नेपाल राष्ट्र बैंकले कारवाही अगाडि बढाउने छैन ।

**९. कार्यकारी प्रमुख/प्रबन्ध संचालक नियुक्ति सम्बन्धी व्यवस्थाः**

**कार्यकारी प्रमुख/प्रबन्ध संचालकको रुपमा नियुक्त हुने व्यक्ति स्नातक उपाधि हासिल गरेको हुनुपर्नेछ ।**

**१०. हायर पर्चेज कर्जा दिन स्वीकृति लिने कम्पनीहरुले पालना गर्नुपर्ने थप शर्त तथा व्यवस्थाहरुः**

**१०.१ स्रोत परिचालन तथा लिन पाउने ब्याजदर सम्बन्धमा**

(क) हायर पर्चेज कर्जा दिने कम्पनीहरुले आफ्नो खुद सम्पत्ति (Net Worth) को १० गुणा भन्दा बढी ऋण तथा सापटी (Borrowing) लिन पाउने छैनन् । यस प्रयोजनको लागि खुद सम्पत्ति भन्नाले चुक्ता पुँजी, स्वतन्त्र कोषहरु र नाफा नोक्सान मौज्दातको कुल रकमलाई बुझाउनेछ ।

(ख) कम्पनीले ऋण तथा सापटी लिई कर्जा प्रदान गरेको अवस्थामा यसरी प्राप्त गरेको ऋण तथा सापटीमा दिनुपर्ने औसत ब्याजदरमा ४ प्रतिशत भन्दा बढी नहुने गरी हायर पर्चेज कर्जामा औसत ब्याजदर अन्तर कायम गर्नुपर्नेछ ।

(ग) कम्पनीले कर्जा प्रवाह गर्दा धितोको मूल्यको अधिकतम ८० प्रतिशतसम्म मात्र कर्जा प्रवाह गर्नु पर्नेछ ।

**(घ) कम्पनीले कर्जा प्रवाह गर्दा ऋणीसँग अनिवार्य रुपमा स्थायी लेखा नम्बर (PAN) लिएको हुनुपर्नेछ । तर रु. २५ लाख वा सो भन्दा कम कर्जा प्रवाह गरेको व्यक्तिबाट स्थायी लेखा नम्बर (PAN) लिन अनिवार्य हुनेछैन ।**

(ङ) कम्पनीले एउटै ग्राहक, फर्म, कम्पनी वा समुहलाई प्रदान गर्न सक्ने कर्जाको सीमा अघिल्लो त्रयमासको खुद सम्पत्ति (Networth) को बढीमा ३० प्रतिशतसम्म कायम गरिएको छ ।

यस प्रयोजनको लागि आपसी सम्बन्ध भएका ग्राहकहरुको समुहलाई देहायका अवस्थामा एउटै समुह मानिनेछ ।

(अ) कुनै कम्पनीले अर्को कम्पनीको २५ प्रतिशत वा सोभन्दा बढी सेयर लिएको भए त्यस्ता कम्पनीहरु,

(आ) कुनै व्यक्ति, कम्पनीको सञ्चालक, प्राइभेट लिमिटेड कम्पनीका सेयरधनी, साझेदारी फर्मका साझेदार, फर्मका प्रोप्राइटर तथा त्यस्ता व्यक्ति, सञ्चालक, सेयरधनी, साझेदार वा प्रोप्राइटरका एकाघरमा बसोबास गरी आएका वा छुट्टाभिन्न भएका पति वा पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालनपोषण गर्नु पर्ने दाजु, भाइ, तथा दिदी, बहिनी,

(इ) उपखण्ड (आ) मा उल्लिखित व्यक्तिहरुले एक्लै वा संयुक्तरुपमा अर्को कम्पनीको २५ प्रतिशत वा सो भन्दा बढी सेयर लिएको भए त्यस्ता कम्पनीहरु,

(उ) उपखण्ड (आ) मा उल्लिखित व्यक्तिहरुले एक्लै वा संयुक्त रुपमा अर्को कम्पनीको २५ प्रतिशत भन्दा कम सेयर लिएको भए तापनि त्यस्तो कम्पनीको व्यवस्थापनमा देहायका किसिमबाट नियन्त्रण भएका कम्पनीहरुः-

(१) सञ्चालक समितिको अध्यक्ष भई,

(२) कम्पनीको कार्यकारी प्रमुख भई, वा

(३) कम्पनीको सञ्चालकहरुमध्ये २५ प्रतिशतभन्दा बढी सञ्चालकहरु नियुक्त गरी ।

(ए) एकै समूहका भनी आवद्ध रहेका फर्म, कम्पनी वा त्यस्ता समूहका सदस्यहरु,

(ऐ) उपखण्ड (आ) बमोजिम एउटा ग्राहक वा कम्पनीले अर्को ग्राहक वा कम्पनीलाई जमानत दिएको भए त्यस्ता ग्राहक वा कम्पनीहरु ।

(ओ) फर्म, कम्पनी बाहेक अन्य संस्थाहरुको हकमा सो संस्था सञ्चालन, नियन्त्रण वा व्यवस्थापनमा प्रत्यक्ष संलग्न व्यक्ति वा निजको एकाघरमा बसोबास गरी आएका वा छुट्टाभिन्न भएका पति वा पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालनपोषण गर्नु पर्ने दाजु, भाइ, तथा दिदी, बहिनी ।

**१०.२ निक्षेप लिन नपाइने सम्बन्धमाः**

हायर पर्चेज कर्जा दिने कम्पनीले कुनै पनि किसिमले निक्षेप वा बचत संकलन गर्न पाउने छैन ।

**१०.३ ब्याज तथा शुल्क सम्बन्धमाः**

हायर पर्चेज कर्जा दिने कम्पनीले कुनै पनि ग्राहकलाई कर्जा दिंदा ब्याज बाहेक अन्य शुल्क तथा दस्तुर लिन पाउने छैन । **साथै, कर्जा प्रवाह गर्दा ऋणीसँग गरिने सम्झौतामा वार्षिक पेनाल ब्याजदर २ प्रतिशत विन्दुभन्दा बढी नहुने गरी उल्लेख गर्नुपर्नेछ । पेनाल ब्याज गणना गर्दा म्याद नाघेको किस्ताको साँवा रकममा वार्षिक पेनाल ब्याजदरले विलम्ब भएको समयावधिका लागि कायम हुन आउने रकमभन्दा बढी लिन र पेनाल ब्याजमा ब्याज लाग्ने गरी रकम असुल उपर गर्न पाइने छैन ।**

यस बैंकले कम्पनीको ब्याजदर निर्धारण सम्बन्धमा आवश्यक देखिएमा समय समयमा त्यस्तो ब्याजदर सम्बन्धी नीतिगत व्यवस्था गर्न सक्नेछ । यसरी नेपाल राष्ट्र बैंकबाट भएको ब्याजदर सम्बन्धी व्यवस्था पालना गर्नु सम्बन्धित कम्पनीको कर्तव्य हुनेछ ।

**१०.४ किस्ता भुक्तानी तथा नोक्सानी सम्बन्धमाः**

हायर पर्चेज कर्जा दिने कम्पनीले आफुले प्रवाह गरेको कर्जा रकम फिर्ता गर्नका लागि कर्जा भुक्तानी तालिका तयार गरी लागु गर्नु पर्नेछ । यस्तो तालिका बमोजिम किस्ता रकम यथासमयमा प्राप्त नभएमा बुँदा नं. १०.१० बमोजिम बाँकी बक्यौता रकमको नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ ।

**१०.५ अन्य कारोवार सम्बन्धमाः**

हायर पर्चेज कर्जा दिने कम्पनीले हायर पर्चेज कर्जा बाहेक अन्य कुनै पनि प्रकारका कर्जा प्रवाह गर्न तथा अन्य कुनै पनि व्यापार व्यवसाय गर्न पाउने छैन ।

**१०.६ लेखा राख्नुपर्ने सम्बन्धमाः**

हायर पर्चेज कर्जा कारोवार गर्ने कम्पनीहरुले पुँजी, आम्दानी, खर्च, लगायतका कारोवार स्पष्ट देखिने गरी लेखा राख्नु पर्नेछ । **यसरी लेखाङ्कन गर्दा प्रचलित लेखा मापदण्डको अनुसरण गरी वित्तीय विवरण तयार गर्नु पर्नेछ ।**

**१०.७ लेखापरीक्षण सम्बन्धमाः**

हायर पर्चेज कर्जा दिने कम्पनीले आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र आफ्नो वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरी **सम्बन्धित सुपरिवेक्षण** विभागमा पेश गर्नुपर्नेछ ।

**१०.८ आर्थिक विवरण सम्बन्धमाः**

हायर पर्चेज कर्जा दिने कम्पनीले हायर पर्चेज सम्बन्धी मापदण्ड अनुरुप हुने गरी कम्पनी ऐन, २०६३ बमोजिम आफ्नो वार्षिक आर्थिक विवरण तयार गरी प्रकाशित गर्नुपर्नेछ ।

**१०.९ कारोवार विवरण पेश गर्नुपर्ने सम्बन्धमाः**

हायर पर्चेज कर्जा दिन स्वीकृति प्राप्त कम्पनीहरुले यस अन्तर्गत गरेको कारोबारको विवरण त्रयमासिक अवधि समाप्त भएको **१५** दिनभित्र देहाय अनुसार नेपाल राष्ट्र बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्दछ ।

(क) उपभोग भएको कर्जाको विवरण, प्रवाह गर्ने संस्था र ब्याजदर समेत (अनुसूची-५.१)।
(ख) ठूला ३० ऋणीको विवरण सहित कुल संख्या र रकम (अनुसूची-५.२)।
(ग) कुल प्रवाह भएको ऋण, संख्या र कर्जा नोक्सानी व्यवस्था (अनुसूची ५.३)
(घ) वित्तीय परिसूचक (अनुसूची-५.४)
(ङ) **वासलात तथा नाफा नोक्सान हिसाब सम्बन्धी विवरण ( अनुसूची ५.५)**

**१०.१० कर्जा वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था सम्बन्धमाः**

हायर पर्चेज कम्पनीले ग्राहकबाट किस्ता रकम असुल हुन नसकी बक्यौता रहेमा त्यस्तो किस्ता रकम छ महिना भन्दा बढी अवधिले भाखा नाघेमा बक्यौता किस्ता रकमलाई शंकास्पद कर्जामा वर्गीकरण गरी ५० प्रतिशत नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ । किस्ता रकम एक वर्ष भन्दा बढी अवधिले भाखा नाघेमा सम्पूर्ण **बक्यौता कर्जा** रकमलाई खराब वर्गमा वर्गीकरण गरी शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ ।

शंकास्पद तथा खराब वर्गमा वर्गीकरण गरिएका कर्जालाई ‘‘निष्कृय कर्जा’’ भनिनेछ र यस्तो अवस्थामा ब्याज रकमको लेखांकन नगद प्राप्तिको आधारमा गर्नुपर्नेछ ।

**१०.११ ह्रास कट्टी सम्बन्धमाः**

कम्पनीले ग्राहकबाट किस्ता तथा ब्याज असुल गर्न नसक्ने भै हायर पर्चेज अर्न्तगतको सवारी साधन, मेशीनरी औजार वा उपकरण फिर्ता लिएमा त्यस्तो फिर्ता लिएको साधन तथा उपकरणमा प्रचलित आयकर सम्बन्धी कानुन बमोजिम ह्रास कट्टी गरी बाँकी हुन आएको रकमको आधारमा सम्पत्तिको लेखाङ्कन गर्नुपर्नेछ ।

**१०.१२ स्वीकृति लिनुपर्नेः**

कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्दा यस बैंकबाट स्वीकृति लिनुपर्नेछ ।

**१०.१३** कम्पनीले रु. १० लाख भन्दा बढीको हायर पर्चेज कर्जा प्रवाह गर्नु परेमा अनिवार्य रुपमा कर्जा सुचना लिनु पर्नेछ ।

तर, यस्ता कम्पनीहरुले समेत कर्जा सुचना लिन पाउने व्यवस्था लागू भए पश्चात माथिको व्यवस्था लागू हुनेछ ।

**१०.१४** कम्पनीले एकभन्दा बढी कम्पनी (बहु-ब्राण्ड) बाट उत्पादित सवारी साधन, मेशिनरी, औजार, उपकरणहरुमा अनिवार्यरुपमा लगानी गर्नुपर्ने र सो सम्बन्धी जानकारी सर्वसाधारणलाई दिनुपर्नेछ ।

**१०.१५** कम्पनीले एक सञ्चित कोष कायम राख्नु पर्नेछ । त्यस्तो सञ्चित कोषमा चुक्ता पुँजीको दोब्बर रकम नभएसम्म प्रत्येक आर्थिक वर्षको खुद मुनाफाबाट कम्तीमा बीस प्रतिशत र त्यस पछिका आर्थिक वर्षमा खुद मुनाफाको कम्तीमा दश प्रतिशत रकम थप्दै जानुपर्नेछ । यस्तो सञ्चित कोषमा जम्मा भएको रकम यस बैंकको स्वीकृति नलिई अन्य शीर्षकमा रकमान्तर गर्न वा खर्च गर्न पाइने छैन ।

**१०.१६** कम्पनीले कुनै पनि किसिमको कार्यालय खोल्न, शाखा कार्यालय खोल्न वा सञ्चालनमा रहेको शाखा वा केन्द्रीय कार्यालय (रजिष्टर्ड कार्यालय) स्थानान्तरण गर्न यस बैंकको स्वीकृति लिनुपर्नेछ । साथै, कम्पनीले शाखा खोलेको जानकारी लगायत सम्पूर्ण विवरण यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र **सम्बन्धित** सुपरिवेक्षण विभागलाई दिनुपर्नेछ ।

## ११. सञ्चालक/ प्रबन्ध सञ्चालक/कार्यकारी प्रमुखका लागि अयोग्य हुने अवस्थाः

**देहायको अवस्थामा कुनै व्यक्ति सञ्चालक/ प्रबन्ध सञ्चालक/कार्यकारी प्रमुख पदको लागि अयोग्य मानिने छ ।**

**क) प्रहरी प्रतिवेदनमा आपराधिक पृष्ठभूमि (Criminal Record) देखिएको वा आपराधिक पृष्ठभूमि (Criminal Record) देखिएको भए सजाय भुक्तान गरेको ५ वर्ष व्यतीत भई नसकेको ।**

**ख) टाट पल्टेको वा भ्रष्टाचार वा बेइमानी वा जालसाजीको आरोपमा सजाय पाएको ।**

**ग) कालोसूचीमा समावेश भएको वा त्यस्तो सूचीबाट फुकुवा भएको ३ वर्ष नपुगेको ।**

**घ) आफ्नो पूर्व कारोबारमा यस बैंकबाट निलम्बन गरिएको वा यस बैंकबाट भएको अनुसन्धानमा शंकास्पद कारोबारमा संलग्न भनी किटान गरिएको वा त्यस्तो निलम्बनवाट फुकुवा भएको पाँच वर्ष नपुगेको वा त्यस्तो शंकास्पद कारोबारको संलग्नताबाट सफाई नपाएको ।**

## १२. अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धमाः

१२.१ हायर पर्चेज कर्जा दिने कम्पनीलाई आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको **सम्बन्धित** सुपरिवेक्षण विभागले अनुगमन, निरीक्षण, तथा सुपरिवेक्षण गर्न सक्नेछ । यस्तो निरीक्षण स्थलगत वा गैरस्थलगत दुवै हुन सक्नेछ ।

१२.२ यस बैंकबाट निरीक्षण गर्दा अनुसूची ६ बमोजिमका विषयहरु समेटिनेछ ।

१२.३ हायर पर्चेज कर्जा दिने कम्पनीको लागि नेपाल राष्ट्र बैंकले आवश्यकता अनुसार समय समयमा निर्देशन, परिपत्र, सूचना तथा नीतिगत व्यवस्था जारी गर्न सक्नेछ । त्यस्तो निर्देशन, परिपत्र, सूचना तथा नीतिगत व्यवस्थाको पालना गर्नु हायर पर्चेज कर्जा दिने कम्पनीको कर्तव्य हुनेछ ।

## १३. कारवाही सम्बन्धमाः

नेपाल राष्ट्र बैंकले तोकेका शर्त, निर्देशन, परिपत्र, सूचना तथा नीतिगत व्यवस्था पालना नगर्ने हायर पर्चेज कर्जा दिन स्वीकृति प्राप्त कम्पनीलाई नेपाल राष्ट्र बैंकले आफुले दिएको स्वीकृति रद्द गर्ने लगायत नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम आवश्यक कारबाही गर्न सक्नेछ । तर, यसरी कारबाही गर्नु पूर्व निज कम्पनीलाई आफ्नो सफाई पेश गर्ने उचित मौका प्रदान गरिनेछ ।

# अनुसूची १

श्री नेपाल राष्ट्र बैंक,
केन्द्रीय कार्यालय,
बैंक तथा वित्तीय संस्था नियमन विभाग,
बालुवाटार, काठमाडौं ।

**बिषय: हायर पर्चेज कर्जा दिने स्वीकृति पाउँ ।**

महोदय,

उपरोक्त सम्बन्धमा त्यस बैंकबाट जारी हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृति दिने नीतिगत एवम् प्रक्रियागत व्यवस्था, २०७० (चौथो संशोधन २०८०) मा तोकिए बमोजिमको शर्त तथा व्यवस्थाहरु पुरा हुने गरी हायर पर्चेज कर्जा दिने उद्देश्य सहित नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति ................ मा पब्लिक/प्राइभेट लिमिटेड कम्पनीका रुपमा दर्ता गराई संस्थापना भैसकेकोले तोकिएका आवश्यक कागजात एवं स्वीकृति दस्तुर सहित नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७६ बमोजिम हायर पर्चेज कर्जा मात्र दिने कारोवार गर्ने स्वीकृतिको लागि यो निवेदन पेश गरेका छौं ।
आवश्यक कागजात थान.......संलग्न छन् ।

भवदीय,

................................................

(संस्थाको तर्फबाट आधिकारिक व्यक्ति)

नाम :

ठेगाना :

टेलिफोन नं.:

फ्याक्स नं.:

इमेल ठेगाना :

मिति :

# अनुसूची २

## हायर पर्चेज कर्जा दिने कम्पनीले स्वीकृतिका लागि पेश गर्नुपर्ने विवरण तथा कागजात

१. कम्पनीको प्रबन्धपत्र, नियमावली, कम्पनी दर्ता भएको प्रमाणपत्र तथा स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि ।
२. कम्पनीले कारोवार सञ्चालन गर्न आवश्यक सबै पूर्वाधार तयार भएको कार्यालय भवनको विवरण वा भवन भाडामा लिने भए बहाल सम्बन्धी सम्झौताको प्रतिलिपि र भाडामा लिने भवनको विवरण ।
३. कम्पनीका सञ्चालक तथा शेयरधनीहरुको व्यक्तिगत विवरण ।
४. कम्पनीको कार्यकारी प्रमुख तथा अन्य कार्यकारी तहका पदाधिकारीहरुको व्यक्तिगत विवरण र कम्पनीको संगठनात्मक संरचना ।
५. कम्पनीको हायर पर्चेज कर्जा नीति (ब्याजदर तथा सेवा शुल्क निर्धारण सम्बन्धी स्पष्ट व्यहोरा समेत समावेश हुनुपर्ने) ।
६. न्यूनतम चुक्ता पुँजी पुगेको निस्सा/प्रमाण ।
७. सुरक्षा तथा बीमा सम्बन्धी व्यवस्था ।
८. कम्पनीको सञ्चालक समितिले हायर पर्चेज कर्जा दिने कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिने सम्बन्धमा गरेको निर्णय तथा अख्तियारी ।
९. निवेदक कम्पनी वा सो कम्पनीका आधारभूत शेयरधनीहरु कालोसूचीमा नपरेको प्रमाण ।
१०. निवेदक कम्पनी वा सो कम्पनीका आधारभूत शेयरधनीहरुले अघिल्लो आर्थिक वर्षको कर चुक्ता वा कर विवरण आन्तरिक राजश्व कार्यालयमा दाखिला गरेको प्रमाण ।
११. नीतिगत एवम् प्रक्रियागत व्यवस्था, २०७० (चौथो संशोधन २०८०) को बुंदा नं. ५.२ मा उल्लिखित प्रतिवद्धता जाहेर गरेको कागजात ।
१२. संस्थामा प्रचलित नेपाल कानुन बमोजिम दर्ता भएको कुनै फर्म, संगठित संस्था वा कम्पनी संस्थापक हुने भएमा त्यस्तो फर्म, संगठित संस्था वा कम्पनीको हकमा देहाय बमोजिमका थप विवरणहरु समेत पेश गर्नु पर्नेछ ।
    १२.१ दर्ता प्रमाणपत्र र कारोवार गर्न इजाजत पाएको प्रमाणपत्रको प्रतिलिपि ।
    १२.२ संस्थामा लगानी गर्ने रकम र प्रतिनिधित्व गर्ने भए प्रतिनिधित्व गर्ने व्यक्ति/संस्था किटान गरिएको सञ्चालक समितिको निर्णयको प्रतिलिपि ।
    १२.३ संस्थापकहरुको नामावली (व्यक्तिगत विवरण-बाबु, बाजे, नागरिकता नं., नागरिकता जारी भएको जिल्ला र ठेगाना खुल्ने सहित) र शेयर स्वामित्वको अनुपात ।
    १२.४ फर्म, संगठित संस्था वा कम्पनीको अघिल्लो आर्थिक वर्षको कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि वा आय विवरण कर कार्यालयमा पेश गरेको प्रमाणित हुने सम्बन्धित कर कार्यालयबाट प्राप्त निस्साको प्रतिलिपि ।
    १२.५ विगत २ आर्थिक वर्षदेखि सञ्चित मुनाफामा सञ्चालन भएको प्रमाणित हुने लेखा परीक्षण भएको वासलात र नाफा नोक्सान सहितको विवरण ।

# अनुसूची ३

श्री नेपाल राष्ट्र बैंक,
केन्द्रीय कार्यालय,
बैंक तथा वित्तीय संस्था नियमन विभाग,
बालुवाटार, काठमाडौं ।

**बिषयः <u>हायर पर्चेज कर्जा दिने स्वीकृति नवीकरण गरी पाउँ ।</u>**

महोदय,

उपरोक्त सम्बन्धमा त्यस बैंकबाट मिति २० / / मा हायर पर्चेज कर्जा दिने स्वीकृति प्रदान भए बमोजिम मिति २० / / देखि कारोवार शुरु गरेको । त्यस बैंकको नीतिगत व्यवस्था बमोजिम पछिल्लो पटक मिति २० / / मा नवीकरण गरिएको हायर पर्चेज कर्जा दिने स्वीकृतिको म्याद यहि मिति २० / / मा समाप्त हुने भएकोले नवीकरण दस्तुर वापत रु. ।- ( अक्षरेपि......................मात्र) त्यस बैंकको बैंकिङ्ग कार्यालयमा जम्मा गरेको मिति २० / / को भौचर नं. को सक्कल भौचर संलग्न गरी हायर पर्चेज कर्जा दिने स्वीकृति नवीकरणको लागि यो निवेदन पेश गरेका छौं ।
आवश्यक कागजात थान.......संलग्न छन् ।

भवदीय,

.................................................
(संस्थाको तर्फबाट आधिकारिक व्यक्ति)

नाम :

ठेगाना :

टेलिफोन नं.:

फ्याक्स नं.:

इमेल ठेगाना :

मिति :

## अनुसूची ४

### हायर पर्चेज कर्जा दिने स्वीकृति नवीकरणका लागि पेश गर्नुपर्ने विवरण तथा कागजात

१.कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको संस्थाको पछिल्लो शेयर दर्ता किताबको प्रतिलिपि ।

२.कम्पनीले कारोवार सञ्चालन गर्न भवन भाडामा लिने भए बहाल सम्बन्धी सम्झौताको प्रतिलिपि ।

३.कम्पनीका सञ्चालक तथा शेयरधनीहरुको व्यक्तिगत (बाबु, बाजे, नागरिकता नं., नागरिकता जारी भएको जिल्ला र ठेगाना खुल्ने) विवरण ।

४.निवेदक कम्पनी वा सो कम्पनीका आधारभूत शेयरधनीहरु कालोसूचीमा नपरेको प्रमाण ।

५.निवेदक कम्पनीले अघिल्लो आर्थिक वर्षको कर चुक्ता वा कर विवरण आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको प्रमाण ।

## अनुसूची ५.१

# Details of Borrowings

................

Rs 000

| S.N. | Name of BFIs | Types of Loan | Loan Limit | Loan Outstanding | Interest Rate |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | Total | | | | |

## अनुसूची ५.२

# Total Loan of Top Thirty Party/Group

...............

Rs. 000

| S.N. | Name of Users | Types of Loan | Loan Limit | Loan Outstanding | Interest Rate |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | **Total Loan provided with number of files** | | | | |

## अनुसूची ५.३

## Statement of customer wise Loan Classification & Loan Loss Provision

..........................

Rs. in '000

| S.N. | Group Name | Name of Borrower | Address | PAN(If Applicable) | Product (Agriculture, Industrial, Commercial, Personal) | Purpose (Vehicle, Machinery Parts, Other Instruments) | Investment/Transaction Date | Approved Limit | Interest Rate % | Outstanding Principal | Outstanding Interest | Overdue Principal | **Last Payment Date (DD/MM/YY)** | **Maturity Date (DD/MM/YY)** | **Loan** | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | **Classification (1,2,3)** | **Provision** |
| | | | | | | | | | | | | | | | | |
| Total | | | | | | | | | | | | | | | | |

Note: Classification (1,2,3) represents following Loan Types:

1- Doubtful
2- Bad
3- Others

**अनुसूची ५.४**

## Financial Indicator

.............

Rs '000

| S.N. | Particulars | Amount/Rate |
|---|---|---|
| 1 | Paid up Capital | |
| 2 | Net Worth | |
| 3 | Total Borrowings | |
| 4 | Times of Borrowings on Net worth | |
| 5 | Average Interest Rate on Borrowing | |
| 6 | Average Interest Rate on Credit | |
| 7 | Interest Spread | |
| 8 | Administrative Expenses | |
| 9 | Interest Income | |
| 10 | Interest Expenses | |
| 11 | Profit Before Tax | |
| 12 | Profit After Tax | |
| 13 | Total Loan Disbursed | |
| 14 | Non-Performing Loan /Total Loan (%) | |

## अनुसूची ५.५

**……………………..Hire Purchase Company Pvt Ltd/Ltd**

**Provisional Financial Statement**

**…………Quarter, 208….**

**Rs. in "000"**

| A | Assets (in Rs.) | Previous Quarter | Current Quarter |
|---|---|---|---|
| 1.1 | Cash and Cash Equivalent | | |
| 1.2 | Fixed Assets | | |
| 1.3 | Investment (If Any) | | |
| 1.4 | Advance and Deposits | | |
| 1.5 | Loan and Advances (Gross) | | |
| 1.6 | Other Receivables | | |
| 1.7 | Other Assets | | |
| | **Total Assets** | | |
| **B** | **Capital & Liabilities (in Rs.)** | | |
| 2.1 | Paid Up Capital | | |
| 2.2 | Reserve and Surplus | | |
| 2.3 | Retained Earnings | | |
| 2.4 | Borrowing from BFIs | | |
| 2.5 | A/C payables | | |
| 2.6 | Payables to Beneficiaries | | |

| | | | |
|---|---|---|---|
| 2.7 | Other Liabilities | | |
| 2.8 | Provision for loan losses | | |
| | **Total Capital & Liabilities** | | |
| **C** | **Income & Expenses** | | |
| 3.1 | Interest Income | | |
| 3.2 | Interest Expenses | | |
| 3.3 | Other Operating Income | | |
| 3.4 | Employee Expenses | | |
| 3.5 | Operating Expenses | | |
| 3.7 | Other Expenses | | |
| 3.8 | Profit/Loss before Tax | | |

Note :

| | | |
|---|---|---|
| 1 | Other Operating Income refers penal interest income, service charge and prepayment charge | |

## अनुसूची ६

**हायर पर्चेज कर्जा प्रवाह गर्ने कम्पनीको निरीक्षण गर्दा मुख्यत: देहायका विषयहरु समेटिनेछन् ।**

(क) स्वीकृतिपत्रमा उल्लेख भएका शर्तहरु पालना गरे/नगरेको ।

(ख) खुद सम्पत्तिको दश गुणा भन्दा बढी कर्जा लिए/नलिएको ।

(ग) कुनैपनि प्रकारको निक्षेप कारोवार गरे/नगरेको ।

(घ) हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृति दिने नीतिगत एवम् प्रक्रियागत व्यवस्था, २०७० (चौथो संशोधन २०८०) बमोजिम राख्नुपर्ने अभिलेख तथा लेखा राखे/नराखेको, पेश गर्नुपर्ने विवरण पेश गरे/नगरेको र रकमको सुरक्षाको व्यवस्था गरे/नगरेको ।

(ङ) समय समयमा राष्ट्र बैंकबाट जारी गरिएका परिपत्र एवम् निर्देशनको पालना गरे/नगरेको तथा अन्य प्रचलित कानुनको पालना गरे/नगरेको ।

(च) नेपाल लेखामानको मापदण्ड पालना हुने गरी कारोवारको लेखाङ्कन गरे/नगरेको ।

(छ) नेपाल राष्ट्र बैंकबाट गरिएको निरीक्षण तथा अनुगमनले विगतमा औंल्याएका कैफियतहरु सुधार गरे/नगरेको ।

(ज) नेपाल राष्ट्र बैंकले निर्देशन दिएका अन्य आवश्यक कुराहरु पालना गरे/नगरेको ।